आज मिति २०७३ साल आषाढ ३१ गतेका दिन यस रत्ननगर न.पा. को बोर्ड बैंठक प्रमुख एवं कार्यकारी अधिकृत श्री काशी राम गैरे ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितिमा बस्यो ।

**उपस्थिति :**

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री काशी राम गैरे, र.न.पा. कार्यालय

**अन्य उपस्थिति :**

१. लेखा अधिकृत श्री सीताराम पोखरेल, र.न.पा. कार्यालय

२. योजना शाखा प्रमुख ई.श्री प्रकाशचन्द्र ढुङ्गाना, र.न.पा. कार्यालय

३. सा.वि. शाखा प्रमुख श्री तेजेन्द्रनाथ लामिछाने, र.न.पा. कार्यालय

४. प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, र.न.पा. कार्यालय

५. भूकम्प सुरक्षा तथा नक्सा शाखा, ई. श्री राजु अर्याल, र.न.पा. कार्यालय

६. आ.ले.प. शाखा प्रमुख, श्री राजेश गुरुङ्ग, र.न.पा. कार्यालय

७. जिन्सी तथा खरिद व्यवस्थापन प्रमुख, श्री नवराज तिवारी, र.न.पा. कार्यालय

८ राजश्व प्रशासन प्रमुख, श्री पुष्पराज आचार्य, र.न.पा. कार्यालय

९. सूचना शाखा प्रमुख श्री लिलानाथ अर्याल, र.न.पा कार्यालय

१०. ने.न.क.ए. इकाई समिति रत्ननगरका अध्यक्ष श्री राजेन्द्र महतो

**निर्णयः**

**निर्णय नं. १:** यस न. पा. आ. व. २०७२।०७३ मा स्वीकृत योजना तथा कार्यक्रमहरु मध्ये आ. व. को अन्त्य (२०७३ आषाढ मसान्त) सम्ममा सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको न. पा. मा गठीत योजना अनुगमन तथा सुपरिवेक्षण समितिबाट पेश भएको प्रतिवेदन अनुसार तपसिल वमोजिम योजना तथा कार्यक्रमहरुलाई स्वीकृत गरी फरफारक गर्ने निर्णय गरियो साथै सो योजना योजनाहरुको अनुमोदनका लागि आगामी नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

तपसिलः

१. योजनातर्फः क. वडास्तरीय (साना पूर्वाधारजन्य)- ६०, नगरस्तरीय- १५२, जिल्लास्तरिय- २, EFLG-१२, जगेडाकोष- ६, सडक बोर्ड- ५, लक्षितवर्ग पूर्वाधार योजना समेत २३७ (दुईसय सैंतिस), क्रमागत- ५२

२. सामाजिक विकास कार्यक्रमतर्फः क. बालबालिका-९७, महिला-८८, लक्षित वर्ग (विपन्न समेत)- ९२( जेष्ठनागरिक-१०, आदिवासी/जनजाति-१२, अपांग- ८, पिछडिएका वर्ग- १८ र अन्य-४४), LGCDP- ३१ समेत ३०८(तीनसय आठ)

**निर्णय नं. २::** नेपाल सरकारले जारी गरेको स्थानिय निकाय लैंगिक वजेट परीक्षण निर्देशिका २०६४ तथा लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धि निती २०६६ अनुरुप तपसिल वमोजिम लैससास समिति गठन गर्ने साथै लैससास डेस्कको जिम्मेवारी सामाजिक विकास शाखा प्रमुखलाई दिने निर्णय गरियो ।

**तपसिलः**

संयोजक- न. पा. प्रमुख एवं कार्यकारी अधिकृत

सदस्य- उपाध्यक्ष महिला नगर समन्वय समिति, रत्ननगर

,, नगरस्तरिय दलित तथा आदिवासी, जनजाति समन्वय समितिहरुबाट प्रतिनिधी एक/एक जना

,, लैंगिक मूल प्रवाहिकरण समन्वय समितिबाट प्रतिनिधी एक जना

,, बाल क्लवहरु मध्येबाट प्रतिनिधी एक जना

,, LGCDP Focal Person एक जना

,, योजना शाखा प्रमुख

,, लैंगिक सम्पर्क व्यक्ति

सदस्य सचिव- सामाजिक विकास शाखा प्रमुख